बराहक्षेत्र नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चक्रघट्टी,सुनसरी

# औषधी खरिद सम्बन्धी बोलपत्र आव्हानको सूचना

## प्रथम पटक प्रकाशित मिती २०७९।०८।२० गते

यस कार्यालयको स्वीकृत कार्यक्रम अनुसार आ.व.२०७९।०८० का लागी औषधी खरिद गर्नुपर्ने भएको हुदाँ इच्छुक योग्यता पुगेका निर्माता फर्म सप्लायर्स वा कम्पनीहरुबाट देहाय बमोजिमका शर्तहरुको अधिनमा रही दररेट सहित रित पुर्वकको बोलपत्र आव्हान गरिन्छ ।

| क्र. सं. | विवरण | लगत अनुमान (भ्याट बाहेक ) | ठेक्का नं. | जमानत रकम | बोलपत्र फाराम दस्तुर |
|---|---|---|---|---|---|
| १ | औषधि खरीद तथा आपुर्ति गर्ने कार्य ( औषधि बराहक्षेत्र नगरपालिकाको स्वास्थ्य शाखामा आपुर्ति गर्नुपर्नेछ ।) | रु ३५५१०००।०० | BKM/NCB/45/2079/080 | रु८९,०००।०० | ३,०००।०० |

१.औषधी आपुर्तीकर्ताले यस सुचनामा माग भएको एकाईमध्ये कार्यालयले माग गरेको कुनै एक परिमाण मात्र पनि उपलब्ध गराउनु पर्नेछ ।सम्पूर्ण औषधी मिति २०८० साल आषाढ १५ गते भित्र कार्यालयले माग गरीसक्नेछ । औषधीको परिमाण आपुर्तीको आधारमा यस कार्यालयले रकम भुक्तानीगर्ने छ ।

२.बोलपत्र फारम प्रथम पटक सूचना प्रकाशित मितीले ३१औं दिन १२:०० भित्र रु.३०००। (फिर्ता नहुने गरी) मेगा बैंक चक्रघट्टीमा रहेको आन्तरिक राजश्वखाता नं. ३०६००१०००२९४८ वा IPS:- BARAHAKSHETRA NA.PA. ANTARIK RAJASHWO GA-1-1 3060010002948 मा पनि जम्मा गरी बोलपत्रफाराम खरीदगर्न सकिनेछ ।

३. बोलपत्र फाराम पेश गर्दा फर्म वा कम्पनिले आ. व. २०७८/०७९ को नविकरण गरिएको औषधी कारोवार सम्बन्धी औषधी व्यव्स्था विभागबाट लिईको ईजाजत प्रमाण पत्र ,स्थाइ लेखा नम्बर ,मु.अ.कर दर्ता प्रमाण पत्र र आ.व.२०७८।०७९ को कर चुक्ता पत्र समेतको प्रतिलीपी संलग्न राखी पेश गर्नुपर्ने छ ।

४.खरिद गरेको बोलपत्र फारम रित पुर्वक भरी प्रथम पटक सूचना प्रकाशित मितीले ३१औं दिन दिनको १२:०० बजे भित्र बोलपत्र PPMO को Web site bolpatra.gov.np मार्फत पेश गर्नुपर्नेछ । पेश भएका बोलपत्र सोही दिन दिनको १:०० बजे बोलपत्रदाता वा नीजको प्रतिनिधीहरुको रोहवरमा यस कार्यालयमा

खोलिने छ । बोलपत्रखोलिने दिन बोलपत्रदाता वा नीजको प्रतिनिधी अनुपस्थित भएमापनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

५.बोलपत्र फारम बिक्रीगर्ने र दाखिलागर्ने अन्तिम दिन बिदा पर्न गएमा उक्तकार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

६.बोलपत्रदाताले बोलपत्र फारममा उल्लेखित सम्पुर्ण आइटमहरु पुर्ण रुपमा भर्नु पर्नेछ ।

७. बोलपत्रदाताले शिलबन्दी बोलपत्र साथ जमानत वापत कबुल गरेको रकम यस न.पा.कार्यालयको मेगा बैङ्क नेपाल लि.चक्रघट्टी शाखामा रहेको खाता नं.३०६००१०००३०८८ वा IPS :- BARAHAKSHETRA NA.PA. BARAH.NA.KA.PA.OFFICE GA-3 3060010003088 मा दाखिला गरेको भौचर वा बोलपत्र दाखिला गर्ने वा अन्तिम मितीले कम्तीमा १२० दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैङ्क वा वित्तिय संस्थाले यस कार्यालयको नाममा जारी गरिएको ग्यारेन्टी(बिडबन्ड) बोलपत्र साथ पेश गर्नु पर्नेछ ।

८. औषधी मु.अ. कर (भ्याट) छुट बस्तु भएकोले मु.अ. कर समावेश नगरिएको हुदाँ मु.अ.कर बाहेकको मात्र दररेट भर्नुपर्नेछ ।

९.बोलपत्र साथ विश्वसनिय कम्पनीका गुणस्तरयुत्त औषधी ,आफुले दिने औषधीको नाम औषधी व्यवस्था विभागमा रजिष्टर्ड भएको हुनु पर्नेछ र प्रत्येक औषधी आयात इजाजतपत्र ,उत्पादन अनुज्ञापत्र बोलपत्रफारम साथ पेश गर्नुपर्नेछ ।

१०.औषधीको गुणस्तरको सम्बन्धमा प्राविधिकद्धारा गरिने परिक्षण पछि मात्र स्वीकृत गरिनेछ ।

११.औषधिहरुको म्यादको सम्वन्धमा उक्तऔषधि **Manufacturing Date** वाट **Expiry Date** कम्तीमा १८ महिना वा ७५% बांकी हुदा स्टोरमा दाखिला हुनुपर्नेछ । सो भन्दा घटी म्याद भएका औषधीहरु कुनै हालतमा दाखिला गरिने छैन ।

१२.बोलपत्रदाताले कबोल गरेको रकमवाटै यस कार्यालयले तोकेको स्टोरमा  सामानहरु बुझाउनु पर्नेछ ।

१३.सप्लाई हुने औषधिको प्रत्येक प्याकिङ्गको बाहिर उत्पादन मिति, एक्सपाईरी मिति, व्याचनम्वर तथा नेपाल सरकारबाट निःशुल्क वितरण स्पष्ट रुपमा उल्लेख भएको हुने पर्नेछ । साथै सप्लाई हुने औषधिहरुको विल साथ व्याच नम्वर र GMP सर्टिफिकेट पेश गर्नु पर्नेछ ।

१४. यसमा उल्लेख नभएको अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ (संसोधन सहित)साथै प्रचलित कानुन बमोजिम हुनेछ । अन्य थप कुरा बुझ्नु परेमा उमेश प्रसाद मेहता फोन नं. ९८५२०५७२०४ मा सम्पर्क गरी बुझ्न सकीनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**